**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ३७ मिति : २०७७/०९/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यबिधि, २०७७

## प्रस्तावना :

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलाहरुलाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ सम्बन्धि हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्वान्तको आधारमा सहभागी हुने लगाएतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्व हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडित लाई क्षेतिपूर्ति दिलाउने र शिक्षा ,स्वास्थ रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैंङ्गिक समानता कायम गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न गोदावरी नगरपालिकाका क्षेत्रमा लैंङ्गिक हिंसा निवारणका लागी कोषस्थापना गर्न पीडितलाई राहत वितरण गर्न लैङ्गिक हिंसालाई निरुत्साहित गर्न बाञ्छनीय भएकोले, स्थानिय सरकार संञ्चालन ऐन , २०७४ को ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी लैङ्गिक हिंसा निवारण कोष कार्यविधि २०७७ गोदावरी नगरपालिका कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुका नाम“लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यबिधि, २०७७” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) "कार्यालय" भन्नाले गोदावरी नगरपालिका कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पिडित" भन्नाले लैङ्गिक हिसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "संचालक समिति" भन्नाले नियम ७ बमोजिमका राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्यदुर्व्यवहार,सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले नियम ६ बमोजिमका कोष सञ्चालक समिति सम्झनु पर्छ ।

**३. कोषका स्थापना :** (१)लैङ्गिक हिंसा निवारण कोष नामका एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा प्रदेश सरकारबाट पाप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(ङ) नगर कार्यपालिकाबाट बिनियोजित रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोलि जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन संचालक समितिका सदस्य सचिव र गोदावरी नगरपालिकाका लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला हक हितको क्षेत्रमा यस नगरपालिका भित्र कार्य गर्ने संघ संस्थाहरुले यस कोषमा आवश्यक सहयोग गर्नुपर्ने छ र आवश्यक रकम नगरपालिकार्यपालिका ले समेत उक्त कोष संञ्चालनको लागि छुट्टयाउन सक्ने छ र उक्त कोषको लागि तोकेको नेपाल सरकारबाट प्राप्त अनुदान समेत यस कोषमा जम्मा गरिने छ ।

**५. कोषका उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ख १) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदानगर्न,

(घ) कुनै व्यवसाय गर्नका लागि वीउ पूँजी (सीड मनि) को रुपमा प्रदानगर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) पीडितका लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

गोदावरी नगरपालिका

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१)कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२)उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. संञ्चालक समितिको गठन :** (१) कोषका संचालन,व्यवस्थापन तथा राहत बितरण गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नगरपालिका प्रमुख | अध्य |
| (ख) | नगरपालिका उप प्रमुख | |
| (ग) | समाजिक बिकास समिति संयोजक | सदस् |
| (घ) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस् |
| (ङ) | महिला अधिकारकर्मीको तर्फबाट समितिले मनोनयन गरेको एक जना महिला | सदस्य |
| (च) | लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि १ जना सदस्य | सदस्य |
| (छ) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य - |

(३) उपनियम (२) का खण्ड(च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय नगरपालिकामा रहनेछ ।

**८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिका बाट स्वीकृत नीति,योजना तथा कार्यक्रमका लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई वीउ पुँजी(सिड मनि) प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्न निकाय तथा संस्था संग समन्वय गर्ने,

(छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने ।

(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकमको हद र आधार :** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढने गरी उपलब्ध गराईने छ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्न पर्ने भए सार्वजनिक सवारी साधन बाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रति दिन दुइ सय रुपैयाँ र बास बस्न पर्ने भए सो वापत छुट रकम दिन पर्ने भएमा प्रतिदिन तीन सय रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्न पर्ने भएमा अस्पताल आँउदाजाँदा सवारी साधन प्रयोग गर्न पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन दुइ सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभइ वाहिर बस्न परेमा बढीमा तीन दिनको बास खर्च वा प्रति दिन तीन सय रुपयाँ र उपचार खर्च समेत गरी बढीमा तीन हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजा रुपैया,

(ङ) पुनर्स्थापनाका लागि बढीमा पाँचहजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामका प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम(१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई र्दुइ हजार रुपैयाँमा नवढने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल वाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिन पर्ने :** (१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकार वाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउन पर्ने मनासिव कारण खुलाइ कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम प्राप्त भएका निवेदन जाँच बुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्न पर्ने देखिएमा राहत समितिलाई नियम १३ का अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११. तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस कार्यबिधि अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार,औषधि उपचार,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पच्चिस हजार रुपैयाँमा नवढने गरी मनासिव रकम सम्वन्धित पीडितलाइ उपलव्ध गराउन सकिने छ ।

(२) उपदफा (१) वमोजिमका अवस्था परी सञ्चालक समितिका अध्यक्षबाट पीडितलाइ रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषय अनुमोदन गराउनु पर्नेछ ।

**१२. थप रकम निकासा माग गर्न सक्ने :** (१) नगरकार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सो को कारण खुलाइ नगरकार्यपालिका सँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम ( १) बमोजिम थप रकम माग भइ आएमा नगरकार्यपालिकाले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. छुट्टै खाता खोल्नु पर्ने :** (१)कार्यालयले कार्यपालिकाबाट प्राप्त भएका रकम कार्यालयको नाममा कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताका सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखापरिक्षण :** (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।
(२) कोषको लेखापरीक्षण महालेखा परिक्षक बाट हुनेछ ।

**१५. आवति (रिभल्भीङ) कोष :** यो कोष आवति (रिभल्भीङ) कोषका रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्रमा समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीका प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उपनियम (२) बमोजिमका प्रतिवेदन सार्वजनि गर्न सक्नेछ ।

**१७. बैठक भत्ता :** सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउने छन ।

**१८. निर्देशन दिन सक्ने :** (१) नगरकार्यपालिकाले सञ्चालक समितिका काम कारवाहीका सम्वन्धमा सो समितिलाइ आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुने छ।

**१९. सञ्चालक समितिको बैठक र निर्णय :** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्न भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिका बैठकको अध्यक्षतामा समितिका अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिका बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिका को कुन कर्मचारी, पदाधिकारी वा अन्य कुन व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिका बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. विविध :**

(१) बाझिएको हद सम्म अमान्य : यो कार्यविधिमा प्रावधान संघिय तथा प्रदेश कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

(२) भए गरेको मानिने : यस अघि यस नगरपालिका बाट यस सम्बन्धि भए गरेका काम कारवाहि यसै बमोजिम भए गरेको मानिने छ ।

(३) वाधा अडकाउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बाधा अडकाउ कार्यापालिकाले निणर्य गर्न सकने छ ।

आज्ञाले

देवराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका